"पाँचखाल नगर - कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"

# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं: ०११-४९९२६७
Fax No.: 011-499267

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

प.सं./FY: ०७७/०७८, 077/078

च.नं./Ref No.: १०६८

वातावरण संरक्षण ऐन, २०७६ दफा ३ को उपदफा ५ सँग सम्बन्धित)

**प्रारम्भिक वातावरणीय परिक्षण मस्यौदाको प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

पाँचखाल नगरपालिका भएर बग्ने सुनकोशी नदीको वरको बोटदेखि तलका क्षेत्र किनारमा रहेको वगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन कार्यका लागी वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल न.पा वडा नं १३ मा पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाँचखाल, काभ्रेपलाञ्चोकद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**प्रस्तावकको नाम र ठेगानाः** पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाँचखाल, काभ्रेपलाञ्चोक

**ईमेल र सम्पर्क नं:** panchkhal.municipality@gmail.com, ०११ ४९९४५१

**प्रस्तावको नाम :** पाँचखाल नगरपालिका भएर बग्ने सुनकोशी नदीको वरको बोटदेखि तलका क्षेत्र किनारमा रहेको वगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन कार्यका लागी प्रारम्भिक वातावरणीय परिक्षण

**प्रभावित जिल्ला /न.पा /वडाः** बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल न.पा, वडा नं १३

माथि उल्लेखित प्रस्तावको वातावरणीय संरक्षण नियमावली २०७७ को नियम ६ सँग सम्बन्धित रहेर पाँचखाल नगरपालिका भएर बग्ने सुनकोशी नदीको वरको बोटदेखि तलका क्षेत्र किनारमा रहेको वगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन कार्यका लागी मस्यौदा प्रतिवेदन तयार भई अन्तिम वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका स्थानीय तहका प्रतिनिधी, स्थानीय बासी, सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधी, तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न उल्लेखित मिति तथा स्थानमा तोकिएको समयमा उपस्थित भइदिन हुन विनम्र अनुरोध गर्दछौं।

**स्थानः** श्री गङ्गा प्रा. वि., पाँचखाल — १३, सेराबेशी ।

**समयः** बिहान ११:०० बजे ।

**मितिः** २०७७/०७/०५, बुधबार ।

कपिल देव भट्ट
इन्जिनियर
प्राविधिक शाखा

ER. KAPIL DEV BHATTA
NEC REG. NO: 8593 "CIVIL" A
ENGINEER

शिव प्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत